नागोया शहर फोहोर कटौती र पुन: प्रयोज्य (रिसाईक्लिङ) गाइड (ネパール語)

तपाईंको पुन: प्रयोज्य (रिसाईक्लिङ) योग्य वस्तुहरू वा फोहोरलाई बिहान ८ बजे (नाका वार्डमा बिहान ७ बजे) बाहिर निर्दिष्ट समय र स्थानमा सङ्कलनको लागि राख्नुहोस्। सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ। *ट्राफिक र सङ्कलन-मार्गको आधारमा सङ्कलनको समय फरक पर्न सक्नेछ। सङ्कलन गर्ने दिनहरू आफ्नै क्षेत्रमा (एरियामा) निर्धारित गरिन्छ। यस चार्टमा प्रत्येक क्रमबद्ध श्रेणीको लागि निर्धारित सङ्कलन-मितिमा घेरा हल्दै यस्को इस्तेमाल गर्नुहोस्। (नयाँ वर्षको बिदामा हुने सङ्कलन-मितिको बारेमा नागोया शहर जनसम्बन्ध, आदिमा घोषणा गरिनेछ)

रिसाइकल गर्न मिल्ने तथा फोहोर सम्बन्धित जानकारीको लागि यहाँ हेर्नुहोस्

सामान्यतया घर-घर बाट संकलित गरिन्छ
(केही क्षेत्रलाई सङ्कलन केन्द्र सम्म वस्तुहरू ल्याउन अनुरोध गर्न सकिन्छ।)

क्रमबद्ध श्रेणी	मुख्य वस्तुहरू	आवृत्ति (फ्रिक्वेन्सी)	सङ्कलन मिति *यस चार्टमा आफ्नो क्षेत्रको सङ्कलन-मितिमा घेरा हल्दै यस्को इस्तेमाल गर्नुहोस्।	निर्धारित ब्याग
जलाउने फोहोर	भान्साको फोहोर; धातुसँग मिश्रित उत्पादनहरू (धेरैजसो प्लास्टिक) (राम्ररी निकाश गर्नुहोस्); छाला, रबर	हप्तामा दुई पटक	सोमवार र बिहीवार 月・木 / मंगलवार र शुक्रवार 火・金	
खतरनाक ज्वलनशील वस्तुहरू	स्प्रे क्यान जस्तै कीटनाशकहरू; ग्यास कारतूस (कार्ट्रिज); रिसाइक्ल गर्नु अघि स्प्रे क्यानको सामग्रीहरू पूर्ण रूपमा प्रयोग गर्नुहोस्। स्प्रे क्यानमा एउटोपनि प्वाल नगर्नुहोस्। तातो तंबाकू जस्ता पदार्थहरु ई-सिगरेट; डिस्पोजेबल लाइटरहरू			★
जलाउन नमिल्ने फोहोर	भाँडा, केटलहरू; सिसाको (ग्लासवेयर), सिरेमिक्स वस्तुहरू; कैंची	मासिक (महिनामा एक पटक)	पहिलो 第1 / दोस्रो 第2 / तेस्रो 第3 / चौथो 第4; बुधवार 水 / बिहीवार 木 / शुक्रवार 金; उदाहरण: "तेस्रो बुधवार" → महिनाको तेस्रो बुधवार	
ठूलो आकारको फोहोर (शुल्क आवश्यक) पूर्व अनुरोध मार्फत	●३० सेंटीमीटर भन्दा ठूलो आकारको वस्तुहरू; सोफा; स्टोभ, फ्यान र हीटर; दराज भएको अलमारी	मासिक (महिनामा एक पटक)	पहिलो 第1 / दोस्रो 第2 / तेस्रो 第3 / चौथो 第4; बुधवार 水 / बिहीवार 木 / शुक्रवार 金; उदाहरण: "चौथो बुधवार" → महिनाको चौथो बुधवार	फोन मार्फत आवेदन गर्नुहोस् ठूलो फोहोर सेवा केन्द्र 0120-758-530; सेल फोनबाट वा आइची बाहिरबाट सम्पर्क (कल) गर्दा 052-950-2581; *जापानी भाषामा मात्र सेवा उपलब्ध छ
ब्याट्रीहरू	क्षारीय ब्याट्रीहरू म्यांगनीज ड्राई ब्याट्रीहरू; लिथियम ब्याट्री; बटन सि ब्याट्री; कॉम्प्याक्ट रिचार्जेबल ब्याट्री; सजिलैसंग बोक्न मिल्ने चार्जरहरू	हप्तामा एक पटक	सोमबार 月 / मंगलवार 火 / बुधवार 水 / बिहीवार 木 / शुक्रवार 金	कुनै पनि निर्दिष्ट नगरिएको रंगहीन पारदर्शी झोला
पुन: प्रयोज्य संसाधन — प्लास्टिक स्रोत	प्लास्टिक कन्टेनर र प्याकेजिंग: झोला (ब्याग); प्याकेजिङ, कपहरू; बोतलहरु; कुशन सामग्री. प्लास्टिक उत्पादन *केवल प्लास्टिकले बनेका वस्तुहरूमा सीमित। टूथब्रश, इत्यादि; टपरवेयर; बेसनि; रसोईघरको कुनामा राख्ने फोहोरको डब्बा; ह्याङ्गर			★

सन्कलन स्टेशन मा संग्रहित

पुन: प्रयोज्य संसाधन	मुख्य वस्तुहरू	आवृत्ति	सङ्कलन मिति	निर्धारित ब्याग
प्लास्टिक कन्टेनर र प्याकेजिंग · विविध किसमका कागजहरु	प्लास्टिक कन्टेनर र प्याकेजिंग: मिठाईको बक्स जस्तै कागजका बक्सहरू; कागजको झोला; र्यापिंग पेपर; रक्सी र जुसका डिब्बा; भित्र एल्युमिनियम भएका आइटमहरू. विविध किसमका कागजहरु: फ्लायर र पर्चाहरू; प्रतिलिपि गर्ने कागज; ट्वाइलेट पेपर र प्लास्टिकका र्याप कोरहरु; नोटबुकहरू	हप्तामा एक पटक	सोमबार 月 / मंगलवार 火 / बुधवार 水 / बिहीवार 木 / शुक्रवार 金; संग्रहको लागि बाहिर राख्नु अघि कोटी अनुसार क्रमबद्ध गर्नुहोस्	★
पुन: प्रयोज्य प्लास्टिक बोतलहरू (PET)	क्याप (बिर्को) र लेबल हटाउनुहोस्; बिर्को / लेबल → प्लास्टकि स्रोततर्फ; ●प्लास्टिकले बनेका उत्पादनहरू प्लास्टिक स्रोततर्फ ●जलाउने फोहोरको साथ अन्य लेबल क्रमबद्ध गर्नुहोस् ●हटाउन नसकिने लेबलहरू त्यतिकै छोड्न मिल्छ।			★
खाली ग्लास जार र बोतलहरू (पेय बोतल खानाको जार मेकअप शीशाहरू)	क्याप र ढक्कन हटाउनुहोस्; क्याप र ढक्कन: ●प्लास्टिकले बनेका उत्पादनहरू प्लास्टिक स्रोततर्फ ●नजलाउने योग्य फोहोरको साथ धातु ले बनेका बिर्को र ढक्कन्लाई क्रमबद्ध गर्नुहोस्			*प्लास्टिकको झोलाबाट बोतलहरू हटाउनुहोस्। तिनीहरूलाई सिधा निलो बिनमा हाल्नुहोस्।
खाली क्यान (पेय बोतल खानाको जार)				नाकागावा र मिनाटो वार्ड ▶ *प्लास्टिकको झोलाबाट क्यान हटाउनुहोस्। तिनीहरूलाई सिधा पहेलो बिनमा हाल्नुहोस्। / अन्य वार्डहरू ▶ ★

* यदि तपाईंलाई रिसाईक्लिङ स्टेशनको स्थान थाहा छैन भने, आफ्ना छिमेकीहरू वा तपाईंको निवास स्थानको एन्भायरन्मेण्टल वर्क्श अफिसलाई सोध्नुहोस्।
★जलाउने फोहोर वा जलाउन नमिल्ने फोहोरका झोलाहरू प्रयोग गर्न पाइँदैन। स्रोत सामग्री निकाल्न घरमा आवश्यक नभएका (४५ लिटर वा सोभन्दा साना) रङहीन पारदर्शी झोलाहरू पनि प्रयोग गर्न सकिन्छ।

सामुदायिक-संगठित पुन: प्रयोगयोग्य संग्रह

समाचार पत्र, म्यागजिन विविध किसमका कागजहरु
कागज
बिग्रेको गत्ता कागजको पेय डिब्बा, कपडा
एल्युमिनियम क्यानहरू

स्थानीय संगठन नोटिस र बुलेटिन बोर्डहरूमा संकलन दिन जाँच गर्नुहोस्, तपाईं बस्ने वार्डको एन्भायरन्मेण्टल वर्क्श अफिसको साथ, वा संसाधन चक्रीकरण योजना शाखाको साथ।

संग्रह/सन्कलन गर्ने दिन

सङ्कलन-मितिका लागि सुविधाजनक सूचनाहरू

हराएको संग्रहलाई सजीलै गरी रोक्नुहोस्!

पुन: प्रयोज्य र फोहोर विभाजन एप "३ आर्"
さんあ〜る(3R)

यस एपले क्रमबद्ध रूपमा सजिलो खोजी प्रदान गर्दछ र तपाईंलाई स्रोत र फोहोर-संकलन मितिको बारे सचेत गराउँदछ।

आईफोनका लागि / एन्ड्रोइड को लागी

उपलब्ध भाषाहरू
日本語 / English / 中文 / 한국어 / Português / Español / Filipino / Tiếng Việt / नेपाली

名古屋市 さんあ〜る खोज

ठूलो आकारको फोहोर सम्बन्धि जानकारी
पूर्व अनुरोध मार्फत(शुल्क आवश्यक)

सावधानी: फोहोर सङ्कलनकर्ताहरुद्वारा गरिने अतिरिक्त पैसा को माग जस्ता समस्याहरू बारे सचेत रहनुहोस्।

DVD प्लेयरहरू र फ्याक्स मेसिनहरू सामान्यतया १५ सेमी (उचाइ), ४० सेमी (चौडाइ) र २५ सेमी (गहिराइ) भित्र स्वीकृत भनिनेछन्
* कृपया साना घरेलु उपकरणहरूलाई पुन: प्रयोग स्थानमा लैजानुहोस्।
रिचार्जेबल गृह उपकरणहरू
वातावरणीय कार्यालयको झ्यालमा नि: शुल्क उपलब्ध गरिन्छ

1 संकलन भन्दा कम्तिमा ७ दिन अघि सम्पर्क गर्नुहोस् (एक हप्ता अघि हप्ताको उही दिनमा)
सम्पर्क गर्नुहोस्

फोन मार्फत आवेदन दिनुहोस्

ठूलो फोहोर सेवा केन्द्र
0120-758-530
कार्यकालिन समय: बिहान ९ बजे देखि साँझ ५ बजे सम्म (शनिवार, आईतवार र नयाँ वर्षको बिदा बाहेक) *बिदा को दिनहरुमा पनि कार्यकालिन समय उपलब्ध हुनेछ।
सेल फोनबाट वा आइची बाहिरबाट सम्पर्क (कल) गर्दा **052-950-2581** (टेलिफोन शुल्क लागु हुनेछ)
*जापानी भाषामा मात्र सेवा उपलब्ध छ

● हामीलाई तपाईंको ठेगाना, नाम, फोन नम्बर, वस्तु, र वस्तुहरूको
● संख्याका बारे सूचित गर्नुहोस्। आवेदन गर्नु अघि आकार र सामग्री निश्चित गर्नुहोस्।
● तपाइँ संकलन मिति, डिस्पोजल साइट, शुल्क, स्वागत नम्बर, आदि प्राप्त गर्नुहुनेछ।

स्वीकार्य वस्तु
कुनै पनि आयाममा ३० सेंटीमीटर भन्दा ठूला वस्तुहरू।
सोफा; इलेक्ट्रिक फ्यानहरू; स्टोभ, फ्यान र हीटर; दराज भएको अलमारी इत्यादि

सावधानी: कृपया मट्टितेल, ब्याट्री र रिचार्ज गर्न मिल्ने ब्याट्रीहरू निकाल्नुहोस्। यसले सङ्कलन गाडी वा प्रशोधन केन्द्रमा आगलागी हुन सक्छ।

2 **फोहोरको आकार ठूलो भएमा शुल्क तिर्नुहोस्**
सुपरमार्केट वा सुविधा स्टोरमा भुक्तान प्रमाणपत्र (स्टीकर) किन्नुहोस्।
* सामान्यतया भुक्तान भएपछि फिर्ता हुँदैन।

3 **ठूलो आकारको फोहोरलाई यहाँ ल्याउनुहोस्**
भुक्तानी प्रमाणपत्र (स्टीकर) मा तपाईंको रिसेप्शन नम्बर वा नाम लेख्नुहोस्, अनि सजिलै गरि देखिने ठाउँमा टाल्नुहोस् र बल्ल सामानलाई फाल्नको लागि दिनुहोस्।
* संकलन समय निर्दिष्ट गर्न सकिदैन किनकि दिनभरि वस्तुहरू संकलन गरिन्छ।
* गेट र घर भित्रका वस्तुहरू संकलन गरिने छैनन्।

मासिक रूपमा सङ्कलन गरिने (सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ।)
सामान्यतया सामान्यतया घर-घर बाट संकलित गरिन्छ
कृपया **संकलनको दिन बिहान ८ बजे** आईटमहरूलाई बहिर राख्नुहोस्।

* शहरले केही फर्निचर्हरुलाई मर्मत गरि फेरि प्रयोग गर्न अथवा बेच्न पनि सक्छ। यदि तपाई यो चाहनुहुन्न भने, कृपया भुक्तान प्रमाणपत्र (स्टिकर) मा "पुन: प्रयोगको लागि होईन" लेख्नुहोस्।
* रिसेप्शनमा प्रदान गरिएको व्यक्तिगत जानकारी जस्तो तपाईंको नाम र ठेगानालाई केवल ठूलो आकारको फोहोर र पुन: प्रयोग योग्य फर्निचर संकलनको लागि प्रयोग हुनेछ।

घरेलु उपकरण पुन: प्रयोग कानून उपकरण
(एयर कन्डिशनर, टेलिभिजन, फ्रिज र फ्रीजर, धुने मेशिन र ड्रायर)

शहरले यी संकलन गर्दैन। कृपया तल यी मध्ये कुनै एक विधि प्रयोग गरेर यी वस्तुहरूको डिस्पोजल गर्नुहोस्।

वातानुकूलित एकाइहरू; टिभी सेट्स; फ्रिज; फ्रीजरहरू; धुने मेशीनहरू; ड्रायरहरू

उपकरण विक्रेतालाई निपटानको अनुरोध
● स्टोरमा निपटानको अनुरोध गर्नुहोस् जहाँ तपाईं नयाँ उपकरण खरीद गर्नुहुन्छ वा स्टोर जहाँ तपाईं पुरानो खरीद गर्नुभयो।
● प्राय: उपकरणहरू खुद्रा विक्रेताहरूले माथिको भन्दा अन्य परिस्थितिमा पनि उपकरणहरू संकलन गर्दछन्। अधिक जानकारीको लागि जिकैको फुटकर बिक्रीलाई सम्पर्क गर्नुहोस्।

अथवा

उपकरणलाई आफैंले एक निर्दिष्ट वाणिज्यिक निपटान स्थानमा लैजानुहोस्।
पोष्ट अफिसमा रिसाइक्लि शुल्क तिरेपछि, यसलाई एउटा निर्दिष्ट वाणिज्यिक डिस्पोजल स्थानमा लैजानुहोस्। विवरणको लागि, कृपया तपाईंको वार्डको एन्भायरन्मेण्टल वर्क्श अफिसलाई सोध्नुहोस् वा नागोया शहर आधिकारिक वेबसाइट हेर्नुहोस्।
घरेलु उपकरण पुन: प्रयोग खोज

* नागोया शहर द्वारा अनुमोदित एजेन्टलाई सामानलाई तोकिएको वाणिज्यिक डिस्पोजल स्थान सम्म पुर्याईदिनको लागि आग्रह गर्न पनि सम्भव छ। (नागोया शहरको सामान्य कचरा व्यवसाय साझेदारी संघ, टेलिफोन: 961-5383 मा आबद्ध व्यवसायीहरू)
* इलेक्ट्रोनिक्स रिसाइकलिङ ऐन अन्तर्गत आउने उपकरणहरू कुन हुन् भनेर थाहा पाउनका लागि, कृपया इलेक्ट्रोनिक्स रिसाइकलिङ टिकट सेन्टरमा (टेलिफोन: **0120-319640** https://www.rkc.aeha.or.jp/index.html) सम्पर्क गर्नुहोस्।

कम्प्युटरहरू

शहरले यी संकलन गर्दैन। कृपया तल यी मध्ये कुनै एक विधि प्रयोग गरेर यी वस्तुहरूको डिस्पोजल गर्नुहोस्।

*सामान्य आयामहरू भन्दा सानो भएको कम्प्युटरहरू: १५ सेंटीमीटर (उचाई), ४० सेंटीमीटर (चौडाई) र २५ सेंटीमीटर (गहिराई) उपकरणहरूका लागि सङ्कलन बिनमा डिस्पोजल गर्न सकिन्छ।
डेस्कटप कम्प्युटरहरू (मुख्य यूनिट र डिस्प्ले); ल्यापटप कम्प्युटरहरू
●कृपया प्रत्येक निर्मातासँग रिसाईक्लिङ गर्ने बारेमा सोधपुछ गर्नुहोस्।
●कृपया **PC3R** प्रमोशन एसोसिएसन (फोन: ०३-५२८२-७६८५ , वेबसाईट: **http://www.pc3r.jp/**) सँग कम्प्युटरहरूको बारेमा सोध्नुहोस् जुन होमबिल्ट, व्यक्तिगत रुपमा आयात गरिएको, वा जसका निर्माणकर्ताहरू दिवालिया भएका छन् वा व्यापारबाट फिर्ता लिएका छन्।
●कृपया प्रिन्टर, स्क्यानर, बाह्य ड्राइभ, अन्य परिधीय उपकरणहरू, सर्भरहरू र कार्य स्टेशनहरू निर्माणको लागि शहर द्वारा संकलनको लागि गैर-रिसाइकल योग्यको रूपमा लानुहोस्।

यदि उपरोक्त कुनै पनि विकिल्पमा पर्दैन भने, केही बशिष परस्थितिमि (जस्तै फ्रओिन प्रयोग गरएिका उत्पादनहरू) छोडेर अन्य सबै ठूला फोहोरहरू नकिाल्न सकन्छि।

सावधानी: **अप्रमाणित फोहोर सङ्कलन सेवा संग फोहोरको बेवास्ता नगर्नुहोस्।**
औद्योगिक फोहोर ह्यान्डल गर्ने इजाजतपत्र र सेकेन्डहेंड डिलरशिपको इजाजतपत्रले घरको फोहोर सङकलन गर्न पाईदैन।

हामीले फोहोर किन कम गर्नुपर्दछ?

किनभने हामीले फोहोर घटाउदा...

सन् 1999 मा नागोया शहरले प्रवासी चराहरूको लागि फुजिमा-हिगाता अवतरण क्षेत्र पुन: प्राप्त गर्ने योजनालाई त्यागेर फोहोरको लागि आपतकालिन अवस्थाको घोषणा गऱ्यो। त्यसपछि, शहरले व्यवस्थितरूपमा फोहोर घटाउने उपायहरू गऱ्यो र फोहोर निपटानमा करीब ४०% र ल्यान्डफिल प्रयोगलाई कम गर्नमा ९०% कटौती हासिल गरेको थियो। तथापि, फोहोरमा अझै पनि स्रोतहरू समावेश भएकाले, फोहोरको मात्रा अझै घटाउन थप प्रयास आवश्यक छ।

फोहोर स्वयम फाल्ने (शुल्क आवश्यक)

बासिन्दाहरू र व्यवसायहरूले आफ्नै फोहोर जलाउने प्लान्ट वा अन्य उपचार केन्द्रहरुमा लैजान सक्छन्।

■स्वयम्ले फोहोर फाल्ने प्रक्रियाहरु कृपया भित्र ल्याउनु अघि वातावरणीय कार्यालयमा जाँच गर्न निश्चित हुनुहोस्।
सन् २०२७ जनवरीदेखि प्रक्रयािको क्रम परविर्तन हुने योजना भएकाले, फोहोर स्वयम फाल्ने सम्बन्धी नवीनतम प्रक्रयाि नागोया शहरको आधकिारकि वेबसाइट आदबिाट अवश्य जाँच गरनुहोस्।

1. "जलाउन सकिने फोहोर" र "जलाउन नसकिने/ओभरसाइज फोहोर" मा छुट्याउनुहोस् ▶
2. गाडीमा फोहोर लोड गर्नुहोस् — ●कृपया ध्यान दिनुहोस् कि तपाईंले "दहनशील फोहोर" र "गैर-दहनशील/ओभरसाइज फोहोर" एकै समयमा ढुवानी गर्न सक्नुहुन्न। ●कृपया फोहोरलाई तन्नाले छोप्नुहोस् (मिनिभ्यान् जस्ता सवारीहरुमा अनावस्यक जुन पहिलेदेखि नै छोपिएका हुन्छन)। ▶
3. फोहोर उत्पादन भएको वार्डको वातावरणीय कार्यालयमा आवेदन-अवधि भित्रमा डेलिभरीको लागि आवेदन दिनुहोस्। — ●अग्रिम आरक्षण आवश्यक छैन। ●वातावरण कार्यालयका कर्मचारीहरूले वस्तुहरू छुट्याइएको र निषेधित वस्तुहरू समावेश गरिएको छैन भनी जाँच गर्नेछन्। ▶
4. फोहोरलाई जारी गरिएको स्वीकृति फारमका साथ, आवेदन मितिमा, फोहोर उपचार सुविधा केन्द्रमा लैजानुहोस् (त्यस दिन मात्र प्रभावकारी) — ●कृपया सुविधामा तौल गरेपछि प्रशोधन शुल्क (प्रति १० किलोग्राम २०० येन) नगदमा तिर्नुहोस्।

●फोहोर उत्पादन भएको वार्ड र डेलिभरी गन्तव्यको आधारमा वातावरणीय कार्यालयको कार्यकाल समय भिन्न हुन्छ।
●केही वस्तुहरूलाई बन्डलिङ जस्ता पूर्व-उपचार आवश्यक हुन्छ र केहि वस्तुहरु भित्र ल्याउन नसकिने पनि हुन्छन।
●साना घरेलु उपकरणहरू र रिचार्ज गर्न मिल्ने घरेलु उपकरणहरू वातावरण कार्यालयबाट नि:शुल्क लिइने छन्, त्यसैले कृपया तिनीहरूलाई छुट्टै ल्याउनुहोस्।
●विवरणहरूको लागि, कृपया नागोया शहरको आधिकारिक वेबसाइटबाट जाँच गर्नुहोस्।
नागोया शहरमा फोहोर स्वयम फाल्ने खोज

नागोया संग्रह सपोर्ट

नागोया शहरले तोकएिको केन्द्र सम्म फोहोर वा पुन: प्रयोग गर्न मल्िने सामग्री पुर्याउन समर्थ नभएका व्यक्तहिरुलाई समर्थन गर्दछ। सामान्यतया घरको अगाडको ढोकाबाटनै फोहोर वा पुन: प्रयोग गर्न मल्िने सामग्री लगन्छि।

《योग्य व्यक्तिहरू》
तलका 1 , 2 वा 3 मध्ये कुनै एकमा पर्ने, आफन्त वा छिमेकीको सहयोग पाउन गाह्रो हुने, र एक्लै स्रोत सामग्री वा फोहोर बाहिर निकाल्न नसक्ने व्यक्ति यस सेवाका लागि योग्य हुन्छन्।

1. 65 वर्ष र माथिका व्यक्ति
2. नर्सिङ हेरचाह वा सहयोगको आवश्यकता भएको भनी प्रमाणित भएका व्यक्तिहरू
3. शारीरिक अशक्तताको प्रमाणपत्र भएकाहरू; मानसिक असक्षमताको प्रमाणपत्र भएकाहरू; पुनर्स्थापनाको प्रमाणपत्र भएकाहरू

* यदि तपाईंसँग बस्ने व्यक्ति नाबालिग छ र फोहोर फाल्न नसक्ने छ भने, तपाईं योग्य मनिनुहुनेछ।

कृपया आफ्नो स्थानीय वातावरणीय कार्यालयसँग परामर्श गर्नुहोस्।

तपाईं यसको लागि योग्य हुनुहुन्छ भने त्यसको निर्णय घर भ्रमण गरेर अनुसन्धान गरेर गरिनेछ।

■ सोधपुछ (क्षेत्र कोड ०५२) (कृपया सावधान भई गलत नम्बर डायल नगर्नुहोला।) *जापानी भाषामा मात्र सेवा उपलब्ध छ

रिसाइक्लेबल संसाधनहरू र तपाईंको छिमेकमा फोहोर सङकलनको बारेमा ●सोधपुछको समय बिहान ८:०० देखि दिउँसो ४:४५ बजे सम्म ●कृपया आफ्नो वार्डमा रहेको वातावरणीय कार्यालयमा फोन गर्नुहोस्।

कार्यालय	TEL	FAX
चिकुसा एन्भायरन्मेण्टल वर्क्श अफिस	771-0424	771-5113
हिगाशी एन्भायरन्मेण्टल वर्क्श अफिस	723-5311	723-5320
किता एन्भायरन्मेण्टल वर्क्श अफिस	981-0421	981-5399
निशी एन्भायरन्मेण्टल वर्क्श अफिस	522-4126	522-8376
नाकामुरा एन्भायरन्मेण्टल वर्क्श अफिस	481-5391	471-5043
नाका एन्भायरन्मेण्टल वर्क्श अफिस	251-1735	251-1736
शोवा एन्भायरन्मेण्टल वर्क्श अफिस	871-0504	871-0505
मिज़ुहो एन्भायरन्मेण्टल वर्क्श अफिस	882-5300	882-5305
आशुता एन्भायरन्मेण्टल वर्क्श अफिस	671-2200	671-2290
नाकागावा एन्भायरन्मेण्टल वर्क्श अफिस	361-7638	354-4389
मिनातो एन्भायरन्मेण्टल वर्क्श अफिस	382-3575	384-0562
मिनामी एन्भायरन्मेण्टल वर्क्श अफिस	614-6220	614-6223
मोरियामा एन्भायरन्मेण्टल वर्क्श अफिस	798-3771	798-3772
मिदोरी एन्भायरन्मेण्टल वर्क्श अफिस	891-0976	891-0276
मेइतो एन्भायरन्मेण्टल वर्क्श अफिस	773-3214	773-3215
तेम्पाकु एन्भायरन्मेण्टल वर्क्श अफिस	833-4031	833-6823

विषय	विभाग	TEL	FAX
पुन: प्रयोज्य संसाधन र फोहोर सङकलनको बारेमा	अपरेशन डिपार्टमेन्ट, अपरेशन्स डिभिजन, वातावरणीय मामिला ब्यूरो	972-2394	972-4133
फोहोर घटाउने सम्बन्धमा	स्रोत चक्रीकरण योजना प्रभाग, स्रोत चक्रीकरण डिभिजन, पर्यावरण ब्यूरो	972-2398	972-4133
रिसाईक्लिङ र व्यवसायिक फोहोरको सन्दर्भमा	स्रोत चक्रीकरण प्रवर्द्धन प्रभाग, स्रोत चक्रीकरण डिभिजन, पर्यावरण ब्यूरो	972-2390	972-4133
अधिकृत संग्रह एजेन्टको सन्दर्भमा	फोहोर प्रबन्धन विनियमन प्रभाग, अपरेशन डिभिजन, वातावरणीय मामिला ब्यूरो	972-2683	972-4132

ठूलो फोहोर सेवा केन्द्र
फोन मार्फत आवेदन गर्नुहोस्
0120-758-530
सेल फोनबाट वा आइची बाहिरबाट सम्पर्क (कल) गर्दा 052-950-2581
*जापानी भाषामा मात्र सेवा उपलब्ध छ

सार्वजनिक सडकमा अवैध डम्पिङ भेटिएमा...
हामीलाई
0120-245-318
मा फ्याक्स गर्नुहोस्।
अथवा नजिकको एन्भायरन्मेण्टल वर्क्श अफिसमारिपोर्ट गर्नुहोस्।

Nagoya City Official Website（https://www.city.nagoya.jp/）

■発行/令和8年3月

प्लास्टिक स्रोत

एउटा निर्धारित झोलामा★ राख्नुहोस्

★घरमा आवश्यक नभएका (४५ लिटर वा सोभन्दा साना) रङहीन पारदर्शी झोलाहरू पनि प्रयोग गर्न सकिन्छ। रङ भएका झोलाहरू तथा जलाउने/जलाउन निमल्ने फोहोरका झोलाहरू प्रयोग गर्न पाइँदैन।

फोहोर झोलाहरूलाई छिटो धोएर

राम्ररी बाँध्नुहोस्!

सावधानी प्लास्टिक कन्टेनर र प्याकेजिंगहरूलाई एउटा झोलामा राख्नुहोस्।

▼

हप्तामा एक पटक सङकलन गरिन्छ
(सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ)

सामान्यतया घर-घर बाट संकलित गरिन्छ

●फोहोरलाई सडकको छेउमा मिलाउनुहोस्।

एक जालले छोपेर हावा लागेको दिनमा बिखण्डन हुनबाट रोक्नुहोस्।

स्वीकार्य वस्तु

प्लास्टिक कन्टेनर र प्याकेजिंग

प्लास्टिक कन्टेनर र प्याकेजिंग जसमा सामान थियो अथवा समेटिएको थियो

बोतलहरु, झोला (ब्याग), प्याकेजिङ, कपहरू, बिर्को, लेबलहरू, ट्रेहरू, इत्यादि

प्लास्टिक उत्पादन

केवल प्लास्टिकले बनेका वस्तुहरूमा सीमित।

*30 सेमी भन्दा ठूला वस्तुहरूलाई ठूला फोहोरमा राख्नुहोस्

टूथब्रश, टपरवेयर, बेसिन, इत्यादि

अस्विकृत सामानहरु

धातु जस्तै स्क्रू र स्प्रिङहरू समावेश गर्ने वस्तुहरू (पेन, कपडा धुने पिन आदि)	➡ बाल्नामिलने फोहोरसंग क्रमबद्ध गरि राख्नुहोस्
वस्त्र केस, ठूला फोहोर बाकस, पोली ट्याङ्कीहरू जस्ता ३० सेमी कुब्जाभन्दा ठूला वस्तुहरू	➡ ठूलो आकारको फोहोर
●सजिलैसंग बोक्न मिल्ने चार्जरहरू	➡ ब्याट्रीहरु संग राख्नुहोस्
●तातो तंबाकू जस्ता पदार्थहरु ई-सिगरेट	➡ ज्वलनशील खतरनाक सामानहरूसंग राख्नुहोस्
●हाते पङ्खा, ब्याट्री वा बिजुली प्रयोग गर्ने खेलौनाहरू	➡ साना घरेलु उपकरण
●छुरा	➡ मजबूत कागजमा बेरेर, यसमा 'キケン' (खतरनाक) लेख्नुहोस्, र जलाउन नसकिने फोहोरसँग छुट्याउनुहोस्।
●सिरिञ्ज र सुईहरू	➡ नियमित अस्पताल वा क्लिनिकमा फिर्ता गर्नुहोस्

कागजका कन्टेनर र प्याकेजिंग, विविध किसमका कागजहरु

एउटा निर्धारित झोलामा★ राख्नुहोस्

★घरमा आवश्यक नभएका (४५ लिटर वा सोभन्दा साना) रङहीन पारदर्शी झोलाहरू पनि प्रयोग गर्न सकिन्छ। रङ भएका झोलाहरू तथा जलाउने/जलाउन निमल्ने फोहोरका झोलाहरू प्रयोग गर्न पाइँदैन।

सामग्री खाली गर्न नबिर्सिनुहोस्।

भित्रको भागलाई पानीले पखाल्नुहोस्

राम्ररी बाँध्नुहोस्!

सावधानी पेपर कन्टेनर र प्याकेजिङ्ग र विविध किसिमका कागजहरुलाई एउटै झोलामा राख्नुहोस्।

▼

हप्तामा एक पटक सङकलन गरिन्छ
(सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ)

वस्तुलाई रिसाईक्लिङ स्टेशनमा लैजानुहोस्
(आफ्नो छिमेकको सङ्ग्रह पोईन्ट)

स्वीकार्य वस्तु

कागजका कन्टेनर र प्याकेजिंग

कागजको कन्टेनर र प्याकेजिंग जसमा सामान थियो अथवा समेटिएको थियो

*केही सामग्रीहरुमा चिन्ह नहुनु पनि सक्छ।

भित्र एल्युमिनियम भएका आइटमहरू

रक्सी र जुसका डिब्बा, मिठाईको बक्स जस्तै कागजका बक्सहरू, डिस्पोजेबल चोपस्टिक बैग, कागजको झोला, र्यापिंग पेपर, इत्यादि

विविध किसमका कागजहरु

अखबारहरू, पत्रिकाहरू, कार्डबोर्ड बक्सहरू, र कागजको डिब्बाहरू बाहेकका पुन: प्रयोग गर्न मिल्ने कागजहरुलाई विविध किसमका कागजहरु भनिन्छ।

फ्लायर र पर्चाहरू, प्रतिलिपि गर्ने कागज, ट्वाइलेट पेपर र प्लास्टिकका र्याप कोरहरु, नोटबुकहरू, इत्यादि

अस्विकृत सामानहरु

रसिद, फोटो, फोल्ड गरिएका पोस्टकार्डहरु, स्टिकर लेबलहरू, प्याकिङ टेप, डेलिभरी स्लिपहरू, च्यातेका कागजहरु, फेस मास्क, कागज डायपर, टिस्यु पेपर, वेट वाइप्स, इत्यादि

थर्मल पेपर, फोटोहरू, कोटेड पेपर, कार्बन पेपर, प्रेस गरिएको पोस्टकार्ड, आइरन-अन ट्रान्सफर पेपर जस्ता विशेष रूपमा प्रशोधित कागजहरू, साथै श्रेड गरिएको कागजलाई दहनशील फोहोरमा फाल्नुहोस्।

ब्याट्रीहरू

1 + र - पोलहरूलाई सेलोफेन टेप टाँसेर इन्सुलेट गर्नुहोस्!

बिजुलीको प्रवाह हुन नदिनुहोस्!

तोकिएको झोला प्रयोग नगर्नुहोला !

▼

2 रंगहीन पारदर्शी झोलामा राख्नुहोस्

झोलाहरू सजिलै देखिने गरी, सकेसम्म एकै ठाउँमा राखेर निकाल्न सहयोग गर्नुहोस्।

▼

हप्तामा एक पटक सङकलन गरिन्छ
(सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ)

सामान्यतया प्लास्टिक स्रोत गरिने दिनहरुमा घर-घर बाट संकलित गरिन्छ

●फोहोरलाई सडकको छेउमा मिलाउनुहोस्।

स्वीकार्य वस्तु

क्षारीय ब्याट्रीहरू म्यांगनीज ड्राई ब्याट्रीहरू, मिगथयम ब्याट्री, बटन सि ब्याट्री, सजिलैसंग बोक्न मिल्ने चार्जरहरू, कॉम्प्याक्ट रिचार्जेबल ब्याट्री

(लिथियम-आयन ब्याट्री, निकल-क्याडमियम ब्याट्री, निकल-मेटल हाइड्राइड ब्याट्री)

*रिसाइकलको तीन-तीर चिन्ह बिनाको सामानहरुलाई पनि स्वीकार गरिन्छ।

अस्विकृत सामानहरु

●अटोमोबाइलका ब्याट्रीहरू जस्तै लिड-एसिड ब्याट्रीहरूलाई स्वीकार गरिँदैनन्। कृपया आफ्नो डिलरसँग सल्लाह गर्नुहोस्।

सावधानी प्लास्टिक स्रोतहरूलाई अलग गरेर निकाल्नुहोस्!

सावधानी रिचार्ज गर्न सकिने ब्याट्रीहरू अरु स्रोत वा फोहोरहरूसँग मिश्रित हुँदा आगलागी वा जल्ने समस्याको कारण बन्न सक्छ।

फोहोर बोक्ने ट्रकमा आगलागी

फोहोर उपचार केन्द्रमा बोक्ने ट्रकमा आगलागी

साना घरेलु उपकरण

स्वीकार्य वस्तु

१५ सेन्टिमिटर लामो, ४० सेन्टिमिटर चौडा, र २५ सेन्टिमिटर गहिरो वा कम भएका घरेलु उपकरणहरूलाई स्वीकर गरिन्छ।

25cm, 40cm, 15cm — साना घरेलु उपकरण

मोबाइल फोन, स्मार्ट फोन; ल्यापटप कम्प्युटरहरू; ब्याट्री वा बिजुली प्रयोग गर्ने खेलौनाहरू; हाथे पंखाहरु; इत्यादि

●यदि लागू भएमा, कृपया पहिले नै व्यक्तिगत डेटा मेटाउनुहोस्।
●वस्तुहरूलाई एक पटक संकलन बिनमा राखेपछि बाहिर निकाल्न सकिन्न।
●वस्तु डिस्पोज गर्नु अघि सम्भव भएमा ब्याट्रीहरू हटाउनुहोस्।
●सङ्कलन बक्स प्रयोग गर्न नसकिने अवस्थामा मात्र, प्लग नचाहिने वस्तुहरूलाई दहनशील फोहोरमा, र प्लग चाहिने वस्तुहरूलाई अदहनशील फोहोरमा फाल्नुहोस्। तर, कुनै पनि आयाम ३० सेमी भन्दा बढी भएका वस्तुहरूलाई ठूला फोहोरमा फाल्नुहोस्।

प्लास्टिकको झोलाबाट हटाउनुहोस् र सिधै संग्रह बिनमा राख्नुहोस्।

अस्विकृत सामानहरु

ड्राई सेल ब्याट्री

यन्त्र गृह उपकरण पुन: प्रयोग कानून द्वारा पारित वस्तुहरु (एयर कन्डिशनर, टेलिभिजन, फ्रिज, धुने मेशिन)

● नागोया शहर आधिकारिक वेबसाइटमा संकलन बिनको स्थानहरू बारेमा जाँच गर्नुहोस् [साना घरेलु उपकरण] [खोज]

रिचार्जेबल गृह उपकरणहरू

स्वीकार्य वस्तु

१५ सेन्टिमिटर लामो, ४० सेन्टिमिटर चौडा, र २५ सेन्टिमिटर गहिरो वा बढी भएका घरेलु उपकरणहरूलाई स्वीकर गरिन्छ।

रिचार्जेबल भ्याकुम क्लीनरहरू, रोबोटिक भ्याकुम क्लीनरहरू, इत्यादि

▼

वातावरणीय कार्यालय बारे

*वातवरणीय कार्यालय खुल्ने समय: बिहान ८:०० देखि ४:४५ सम्म
[शनिबार, आइतबार, नव-वर्ष बिदा बाहेक]

नि:शुल्क स्वीकृत

फ्लोरोसेंट लाइटहरू, पारा थर्मामीटर

फ्लोरोसेंट लाइटहरू

▼

आइटमलाई एन्भायरन्मेण्टल वर्क्श अफिस वा फ्लोरोसन्ट लाइट कलेक्शनमा भाग लिने फुटकर बिक्री पसलमा ल्याउनुहोस् (जस्तै उपभोक्ता इलेक्ट्रोनिक्स वा घर सुधार स्टोर)
*संग्रह बिन्का साथ स्थानहरूको लागि कृपया तपाईंको बस्तुहरूलाई संकलन बिनमा राख्नुहोस्।

● नागोया शहर आधिकारिक वेबसाइटमा सहभागी खुद्रा विक्रेताहरूको जाँच गर्नुहोस्। [फ्लोरोसेंट लाइटहरू] [खोज]

पारा थर्मामीटर, पारा तापमापक पारा रक्तचापमापक

▼

वस्तुलाई एन्भायरन्मेण्टल वर्क्श अफिस लैजानुहोस्

टिकाउ कागज, आदि मा बेर्नुहोस्।

अस्विकृत सामानहरु

इन्कन्डेसेन्ट लाइटबल्स, एलईडी उत्पादनहरू; भाँचिएका वस्तुहरू ➡ बाल्न नमिल्ने फोहोर संग क्रमबद्ध गर्नुहोस्

पुन: प्रयोज्य प्लास्टिक बोतलहरू

1 PET यो प्रतीक खोज्नुहोस्! ▶ 2 बिर्को र लेबल हटाउनुहोस्। ▶ 3 पानीले पखाल्नुहोस्।

सावधानी बोतल र डिब्बा भित्र केहि नराख्नुहोस्।

▼

एउटा तोकिएको झोलामा★ राख्नुहोस्	अथवा	प्लास्टिकको झोलाहरूमा नराख्नुहोस्। सुपरमार्केट अथवा वार्ड अफिस हुने एक संग्रह बिनमा हाल्नुहोस्।
हप्तामा एक पटक सङकलन गरिन्छ (सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ)		नियमित व्यापारको समय कुनै पनि बेला आईटमहरू ल्याउनुहोस्
वस्तुलाई रिसाईक्लिङ स्टेशनमा लैजानुहोस् (आफ्नो छिमेकको सङ्ग्रह पोईन्ट)		पुन: प्रयोज्य गर्ने स्थानहरू

★घरमा आवश्यक नभएका (४५ लिटर वा सोभन्दा साना) रङहीन पारदर्शी झोलाहरू पनि प्रयोग गर्न सकिन्छ। रङ भएका झोलाहरू तथा जलाउने/जलाउन निमल्ने फोहोरका झोलाहरू प्रयोग गर्न पाइँदैन।

सावधानी प्लास्टिक बोताल्हारुलाई एउटै झोलामा राख्नुहोस्।

स्वीकार्य वस्तु

पेय पदार्थ, रक्सी, मसलाका लागि प्लास्टिकका बोतलहरू

बिर्को: प्लास्टिक स्रोततर्फ

लेबल: ●प्लास्टिकले बनेका उत्पादनहरू प्लास्टिक स्रोततर्फ ●जलाउने फोहोरको साथ अन्य लेबल क्रमबद्ध गर्नुहोस् ●हटाउन नसकिने लेबलहरू त्यतिकै छोड्न मिल्छ।

शिसाको खाली जार र बोतलहरू

1 क्याप र ढक्कन हटाउनुहोस् ▶ 2 पानीले पखाल्नुहोस्।

▼

प्लास्टिकको झोलाबाट बोतलहरू हटाउनुहोस्। तिनीहरूलाई सिधा निलो बिनमा हाल्नुहोस्।

सावधानी बोतलहरुलाई तिनीहरुको छेउमा राख्नुहोस्।

हप्तामा एक पटक सङकलन गरिन्छ
(सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ)

वस्तुलाई रिसाईक्लिङ स्टेशनमा लैजानुहोस् (आफ्नो छिमेकको सङ्ग्रह पोईन्ट)

स्वीकार्य वस्तु

खाली गिलास बोतलहरू — पेय पदार्थ, फूड्स, प्रसाधन सामग्रीको लागि प्रयोग

अस्विकृत सामानहरु

टेबलवेयर, भाँचिएको बोतलहरु ➡ बाल्न नमिल्ने फोहोर संग क्रमबद्ध गर्नुहोस्

क्याप र ढक्कन: ●प्लास्टिकले बनेका उत्पादनहरू प्लास्टिक स्रोततर्फ ●नजलाउने योग्य फोहोरको साथ धातु ले बनेका बिर्को र ढक्कन्लाई क्रमबद्ध गर्नुहोस्

खाली क्यान

पानीले पखाल्नुहोस्।

स्वीकार्य वस्तु

पेय पदार्थ र फूडहरूको लागि प्रयोग हुने खाली क्यान र बिर्कोहरू

अस्विकृत सामानहरु

पेन्ट, तेलको क्यान ➡ बाल्न नमिल्ने फोहोर संग क्रमबद्ध गर्नुहोस्

स्प्रे गर्ने क्यानहरु ➡ ज्वलनशील खतरनाक सामानहरु

▼

नाकागावा र मिनाटो वार्ड	बाँयातर्फ बाहेकका वार्डहरू
प्लास्टिकको झोलाबाट क्यान हटाउनुहोस्। तिनीहरूलाई सिधा पहेंलो बिनमा हाल्नुहोस्।	एउटा तोकिएको झोलामा★ राख्नुहोस्

हप्तामा एक पटक सङकलन गरिन्छ (सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ)

वस्तुलाई रिसाईक्लिङ स्टेशनमा लैजानुहोस् (आफ्नो छिमेकको सङ्ग्रह पोईन्ट)

★घरमा आवश्यक नभएका (४५ लिटर वा सोभन्दा साना) रङहीन पारदर्शी झोलाहरू पनि प्रयोग गर्न सकिन्छ। रङ भएका झोलाहरू तथा जलाउने/जलाउन निमल्ने फोहोरका झोलाहरू प्रयोग गर्न पाइँदैन।

सावधानी प्लास्टिक बोताल्हारुलाई एउटै झोलामा राख्नुहोस्।

समाचार पत्र, म्यागजिन, बिग्रेको गत्ता, कपडा

1 समुदाय-संगठित रीसाइक्लेबल संग्रह प्रयोग गरिएको कागज, कपडा, इत्यादिको संकलन युवा संगठन, निवासीहरूको संघ, र स्कूल जिल्लाहरू द्वारा आयोजित गरिन्छ।

● संग्रह संगठन, मिति, र स्थान को जानकारीका लागि स्थानीय संगठनको समाचार पत्र भित्रको सूचनापत्र, सूचनाहरू, र बुलेटिन बोर्डहरुमा खोज्नुपर्छ।
● जानकारी प्रत्येक वार्डको एन्भायरन्मेण्टल वर्क्श अफिस वा वातावरणीय मामिला ब्यूरोको स्रोत चक्रीकरण योजना प्रभागमा पनि उपलब्ध छ। नागोया पुनर्चक्रण सहकारीले पनि स्कूल जिल्ला रीसाइक्लिङ कार्यक्रमको बारेमा जानकारी पनि प्रदान गर्दछ।

सोधपुछ TEL：582-3990 FAX：533-2372 *जापानी भाषामा मात्र सेवा उपलब्ध छ

● असुरक्षित संग्रह सेवाहरू द्वारा संकलन नहुनदिनको लागि आफ्नो रिसाईकल गर्ने सामानहरु तोकिएको मितिको बिहान बाहिर राख्नुहोस्।
● सामूहिक स्रोत पुन: प्राप्ति गतिविधिबाट प्राप्त धनराशि स्थानीय क्रियाकँलापहरूमा प्रयोग गरिन्छ।

स्वीकार्य वस्तु

समाचार पत्र, म्यागजिन, बिग्रेको गत्ता, कागजको पेय डिब्बा (*भित्र एल्युमिनियमले लेपित नभएको ड्रिन्कका डिब्बाहरु) ▶ डिस्पोजल गर्न वस्तुहरूको प्रत्येक समूहलई बाँध्नुहोस्

एल्युमिनियम क्यानहरू

2 पुन: प्रयोग केन्द्रहरू

नागरिकहरूको समूहले सुपरमार्केट पार्किंग स्थल र अन्य स्थानहरूमा नियमित संग्रहको आयोजना गर्दछ।

● सङ्कलन मिति र स्थान [नागोया शहर रिसाइक्लिङ स्टेशन] [खोज]

3 कागज पुन: प्रयोग केन्द्रहरू

यो एक फोहोर कागज संकलन कम्पनी द्वारा गरिएको एक स्रोत संग्रह हो।

● सङ्कलन मिति र स्थान [नागोया शहर पुराना कागज रिसाइक्लिङ केन्द्रहरू] [खोज]

विविध किसमका कागजहरु

प्याम्प्लेट्स, क्याटलगहरू; क्यालेन्डरहरू (धातुको भागहरू हटाउनुहोस्); नोटबुकहरू; पोष्टकार्डहरू, खामहरू (पिल-अफ पोस्टकार्ड बाहेक; प्लास्टिक विन्डो हटाउनुहोस्); इत्यादि

▼

झोला बन्द गर्नुहोस् — ट्वाइलेट पेपर कोर, खाम, पोस्टकार्ड र अन्य साना वस्तुहरू कागजको झोलामा राखेर झोला बन्द गर्नुहोस्।

अस्विकृत सामानहरु: रसिद, फोटो, कुरियर स्लिप, स्टिकर, आदि।

कपडा

सामान्य रूपमा लुगा, कपडा, कम्बल, तौलिया, इत्यादि

▼

वस्तुहरू घरमा राखिएको जस्तै स्थितिमा राख्नुहोस्। राम्ररी बाँध्नुहोस्! एक पारदर्शी वा अर्ध पारदर्शी झोलामा राखेर सुरक्षित ढंगले बन्द गरेर डिस्पोज गर्नुहोस्।

अस्विकृत सामानहरु: फुतोन, तकिया, भुई कुशन वा प्याडिंग वा वाडिंग भित्र भएका सामान, कारपेटहरू, र कम्फर्टेबल कम्बलहरू

कागजको पेय डिब्बा

भित्र एल्युमिनियमले लेपित नभएको ड्रिन्कका डिब्बाहरु

आइटम जुन भित्र तर्फ सेता हुन्छन

पानीले पखालेर, काटेर खुल्ला पार्ने अनि सुखाउने

▼

पुन: प्रयोज्य गर्ने स्थानहरू

प्लास्टिकको झोलाहरूमा नराख्नुहोस्। सुपरमार्केट अथवा वार्ड अफिस हुने एक संग्रह बिनमा हाल्नुहोस्।अथवा समुदाय-संगठित पुनर्चक्रण योग्य संग्रह, आदि।

नियमित व्यापारको समय कुनै पनि बेला आईटमहरू ल्याउनुहोस्

जलाउने फोहोर

एउटा निर्धारित झोलामा राख्नुहोस्

●फोहोरलाई व्यवस्थित ढंगले एकैचोटि धेरै फोहोर नफाल्नेगरि बाहिर निकाल्नुहोस्।
●झोलालाई एक हातले बोक्न मिल्ने गरि हल्का रख्नुहोस् र सहो गरि बाँध्नुहोस्।

▼

हप्तामा दुई पटक संकलन गरिन्छ
(सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ)

सामान्यतया घर-घर बाट संकलित गरिन्छ

●फोहोरलाई सडकको छेउमा मिलाउनुहोस्।

सावधानी यद्यपि कुनै झोला मा अटे पनि, यदि आयाममा ३० से मी भन्दा ठूलो आकारको फोहर हो भने त्यसलाई ठूलो आकारको फोहोर भनिन्छ।

स्वीकार्य वस्तु

पानी फाल्नुहोस्। भान्साको फोहोर; ८० से मी भित्र काट्नुहोस् र झोलामा राख्नुहोस्। झार, शाखा; पेन्टीहोज़; शारीरिक फोहोर शौचालयमा फ्लश गर्नुहोस्; कागज डायपर; रबर; छाला; इत्यादि

धातुसँग मिश्रित उत्पादनहरू (धेरैजसो प्लास्टिक)

बलपोइन्ट कलम, डिस्पोजेबल रेजरहरू, इत्यादि

लुगाफाटा र कपडाहरूलाई पुन: प्रयोगमा राख्नुहोस्।

साना घरेलु उपकरणहरूलाई पुन: प्रयोगमा राख्नुहोस्।

तपाईंको फोहोरबाट कागहरुलाई टाढा राख्नुहोस्

● तपाईंको भान्साको फोहोरलाई अखबारमा बेरेर वा कागजको झोलामा राखेर फाल्नुहोस् ताकि भित्रको फोहोर नदेखियोस्।

* केवल भान्साको कचरालाई बेर्नुहोला, ब्यागको सम्पूर्ण सामग्रीलाई होइन।

● कागहरुलाई फोहोरमा पुनबाट रोक्नको लागि सानो-प्वाल भएको जालीले छोप्नुहोस्।
*यदि जालिबाट फोहोर बाहिर निस्कियो अथवा जालिलाई कुनाबाट कुनै भारी वस्तुले दबाइयेना भने कागको फोहोर म पुग्ने सम्भावना बढ्दछ।

खाना पकाउने तेल

पूर्ण रूपमा चिसो गर्नुहोस् र ७०० मिलीलीटर भन्दा कम प्लास्टिकको बोतलमा खन्याउनुहोस्। ▶ कुनै सहभागी रिटेलरमा वस्तु लैजानुहोस्

● नागोया शहर आधिकारिक वेबसाइटमा सहभागी खुद्रा विक्रेताहरूको जाँच गर्नुहोस्। [खाना पकाउने तेल] [खोज]

सावधानी फ्राइड ब्याटर जस्तै ठोसहरूलाई हटाउनुहोस र क्यापलाई कडा बन्द गर्नुहोस्।

स्वीकार्य वस्तु

तरकारीको तेल
उदाहरण: तरकारीको तेल, जैतुनको तेल इत्यादि

अस्विकृत सामानहरु

सुंगुरको बोसो र अन्य पशुको तेल; मेशिन तेल

खतरनाक ज्वलनशील वस्तुहरू

सावधानी फोहोर जसरी नफाल्नुहोस्। यसले संकलन वाहन वा उपचार केन्द्रमा आगो लाग्न सक्छ।

1 **सावधानी** सावधानी सामग्रीहरूलाई पूर्ण रूपमा प्रयोग गर्नुहोस्। * स्प्रे क्यान मा एउटो पनि प्वाल नपार्नुहोस्। ▶ 2 एउटा निर्धारित झोलामा★ राख्नुहोस् ▶

* यदि तपाईं सामग्रीहरू प्रयोग गर्न सक्नुहुन्न भने, कृपया तपाईं बस्नुहुने वार्डको एन्भायरन्मेण्टल वर्क्श अफिससँग परामर्श गर्नुहोस्।

★घरमा आवश्यक नभएका (४५ लिटर वा सोभन्दा साना) रङहीन पारदर्शी झोलाहरू पनि प्रयोग गर्न सकिन्छ। रङ भएका झोलाहरू तथा जलाउने/जलाउन निमल्ने फोहोरका झोलाहरू प्रयोग गर्न पाइँदैन।

हप्तामा दुई पटक संकलन गरिन्छ
(सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ)

बाल्न मिल्ने फोहोर-संकलनको दिनमा

सामान्यतया घर-घर बाट संकलित गरिन्छ

●फोहोरलाई सडकको छेउमा मिलाउनुहोस्।

सावधानी बाल्न मिल्ने फोहोरबाट अलग गर्नुहोस्!

स्वीकार्य वस्तु

बिर्को: प्लास्टिक स्रोततर्फ

डिस्पोजेबल लाइटरहरू; ग्यास कारतूस (कार्ट्रिज); स्प्रे क्यान जस्तै कीटनाशकहरू; ठोस ईन्धन क्यान; क्याम्पिंगका लागि बुटान ग्यास; तातो तंबाकू जस्ता पदार्थहरु ई-सिगरेट

बाल्न नमिल्ने फोहोर

सावधानी खतरनाक ज्वलनशील वस्तुहरूको साथ स्प्रे क्यान र डिस्पोजेबल लाइटरहरू क्रमबद्ध गर्नुहोस्

एउटा निर्धारित झोलामा राख्नुहोस्

चक्कु, सुई, गिलास, आदि जस्ता खतरनाक वस्तुहरूलाई बलियो कागजमा बेर्नुहोस्, तिनीहरूलाई जलाउन नमिल्ने फोहोरको झोलामा राखेर तिनीहरूलाई キケン (खतरनाक) लेबल गर्नुहोस्।

▶

मासिक रूपमा सङकलन गरिने
(सङ्कलन (कलेक्शन) सार्वजनिक बिदामा पनि हुनेछ)

सामान्यतया घर-घर बाट संकलित गरिन्छ

●फोहोरलाई सडकको छेउमा मिलाउनुहोस्।

सावधानी यद्यपि कुनै झोला मा अटे पनि, यदि आयाममा ३० से मी भन्दा ठूलो आकारको फोहर हो भने त्यसलाई ठूलो आकारको फोहोर भनिन्छ।

●फोहोरलाई व्यवस्थित ढंगले एकैचोटि धेरै फोहोर नफाल्नेगरि बाहिर निकाल्नुहोस्।
●झोलालाई एक हातले बोक्न मिल्ने गरि हल्का रख्नुहोस् र सहो गरि बाँध्नुहोस्।

स्वीकार्य वस्तु

धातु वा प्राय: जसो धातु उत्पादहरू: भाँडा, केटलहरू; कैंची; इत्यादि

सिसाको (ग्लासवेयर), सिरेमिक्स वस्तुहरू: टेबलवेयर; फूलदान; इत्यादि

साना घरेलु उपकरणहरूलाई पुन: प्रयोगमा राख्नुहोस्।